स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८०/०५/०१**

यस गाउँपालिकाको देहाय बमोजमका पदहरु रिक्त भएकोले सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट माग बमोजिमको कागजात र राजश्व बुझाएको रसिद सहितयो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात २०८०/०५/१५ सम्म दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक योग्यता | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०६-०८०/८१ | मेडिकल अधिकृत (आठौं) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उपाधि प्राप्त गरेको। | १,०००/- |
| २ | ०७-०८०/८१ | अ.हे.व. (चौथो) | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्स उत्तीर्ण गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको। | ३००/- |
| ३ | ०८-०८०/८१ | अ.न.मी.(चौथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | ३००/- |

१. **संलग्न गर्नुपर्ने कागजातहरु:**
   क. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाणपत्र भए समकक्षता निर्धारण गरिएको प्रमाणपत्र),
   ख. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
   ग. कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपि (आवश्यक परेमा)।

२. **उमेरको हद:** मेडिकल अधिकृत (आठौं) को हकमा दरखास्त दिने अन्तिम मितिले २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र बाँकी पदहरुको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

३. **दस्तुर बुझाउने स्थान:** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा रहेको हेलम्बु गा.पा. आन्तरिक राजस्व खाताको खाता नं. १७००१४००००००७९ मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ।

४. **दरखास्त फारम पाइने स्थान:** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट https://helambumun.gov.np/sample-forms वा गाउँ कार्यपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ।

५. **दरखास्त दिने स्थान:** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक वा ito.helambumun@gmail.com मा पनि पठाउन सकिने छ।

६. **दरखास्त दिने अन्तिम मिति:** २०८०/०५/१५ गते कार्यालय समय भित्र। (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन।)

७. **परिक्षा मिति:** संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ।

८. **छनौटको तरिका:** प्रारम्भिक योग्यताक्रमको सूचीबाट छनौट भएका उम्मेदवारहरुको लिखित र अन्तर्वार्ता लिई अन्तिम योग्यताक्रमको सूची प्रकाशन गरिने छ।

**(पुनश्चः थप जानकारीका लागि सम्पर्कः प्रशासन शाखा ९८५११४२७४५)**

**प्रमुख प्रशासकीय अधिकृत**